मिति २०७६।३।१९

३८औं बैठक

आज मिति २०७६।०३।१९ गते बिहिबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री अर्जुन खड्का | सदस्य सचिव | |

नि. नं. (१) जिल्ला समन्वय समितिको कार्यालय दोलखा बाट हस्तान्तरण भई आएको बुस्ती खोलुङ्गा पुल आयोजनाको म्याद मिति २०७५ आषाढ २५ गते भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी म्याद थप गर्ने संलग्न कागजात बाट देखिएकोले झो.पु. को कार्यसम्पादन गर्नु पर्ने म्याद एक वर्षको लागी मिति २०७६। आषाढ २५ गते सम्म म्याद थप गरि उक्त आयोजनाको कार्य सम्पादन सम्पन्न भएपछि भुक्तानी दिन को लागी सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो।

नि. नं. (२) बैतेश्वर गाउँपालिकाको वडा नं. १ र २ को बिच काँडे झो.पु. र बैतेश्वर गाउँपालिका वडा नं. ८ र भीमेश्वर न.पा. वडा नं. ४ को तामाकोशी नदिमा बन्ने ढोलखे घाट झो.पु. सम्बन्धमा छलफल गर्दा, साविक जिल्ला प्राविधिक कार्यालय र सम्बन्धित उपभोक्ता समिति बिच मिति २०७४।११।०३ मा पुल निर्माणको अवधि १२ महिना उल्लेख गरि सम्झौता भएकोमा, उक्त झो.पु. लाई आवश्यक पर्ने स्टिल पार्टस खरिद गरि उपलब्ध गराउन नसकिएकोले सम्झौताको अवधि भित्र निर्माण सम्पन्न गर्न नसकिएकोले उक्त उपभोक्ता समितिले कार्य सम्पन्न गर्ने म्याद आगामी २०७६ साल वैशाख मसान्त सम्म को म्याद थप्ने र स्टिल पार्ट, सेवा प्रदायक ला-लिमाठे) सेवा लाई सामान उपलब्ध गराउन ७ सात दिनभित्र सामान उपलब्ध गराउन नसकेको कारण सहित उपस्थित हुन लागी पत्राचार गर्ने निर्णय गरियो।

नि. नं. (३) तेडिमा, दाडोमा नाम्म स्मृति प्रतिष्ठान द्वारा निःशुल्क प्राप्त एम्बुलेन्स चालकको सेवा सुविधा सम्झौता (करार) को नियम तलब, र बिरामी लिइ काठमाडौं जाँदा आउँदाको भत्ता रु १०००।- एक हजार, चरिकोट जाँदा, सिरी जाँदा, रु ५००।- पाँचसय, प्रत्येक ट्रिपका उक्त रकम बाट इन्धन खर्च गर्ने, गरी जानकारी गराउने निर्णय गरियो।

नि. नं. (४) बैतेश्वर गाउँपालिका स्तरिय अस्पताल सञ्चालनको लागी रु ५,००००००। पचास लाख र हनुमन्ते गरुड योजना कार्यलाई रु ५०,०००००। पचास लाख विनियोजन गर्ने निर्णय गरियो।